# पुलले उकासेको जीवनस्तर

दहिझोडा पुल बनेर सञ्चालनमा आएपछी उर्मिला खत्रीको पसल निकै चलेको छ । खत्रि दैनिक जसो छोरालाई खोला पारीको स्कुल पठाए पछि आफ्नो पसलमा जानुहुन्छ र व्यवसाय को शुरुवात गर्नुहुन्छ । पुल बन्नुभन्दा अगाडि कुनै पसल थिएन भने अहिले पुल वारी पारीको मानिसहरु पसलमा आएर आवश्यक सामान खरिद गर्ने र चटपट्टेको स्वादको मज्जा लिने गरेका छन् । खत्री दैनिक जसो रु. ८०० गरी महिनाको लगभग २०,०००।- कमाउनुहुन्छ । व्यवसायका लागी आवश्यक पर्ने सामान पुल भएर पसलमै डिलरका गाडी वाट ल्याईदिन्छ । उता श्रीमान् खेतिपाती वाट वर्षभरी लाई खान पुर्याई त्यो वाहेक पशुपालन वाट दैनिक ५ लीटर दुधबेच्नुहुन्छ जुन चाँही पुल पारीको बजारबाट घरमै गाडीले कलेक्शन गर्न आउछ । दुध वाट महिनाको लगभग रु. ५०००।- कमाई हुन्छ भने खसी बोका बेचेर वर्षको रु.५०,०००।- आम्दानी हुन्छ । यस्ता आम्दानीबाट बन्धक भएको जग्गा पनि अब छिटै उकास्ने बताउनु हुन्छ, उर्मिला खत्री ।



*फोटोः उर्मिला खत्रीका र उनको पसल*

यो पुल सञ्चालनमा आएपछि उर्मिला खत्री ईलामको बरबोटेवाट बसाई सराई भएर जग्गा बन्धकी हाली दहिझोडा पुलको वाँया पट्टिको गाऊमा श्रीमान्, छोरा र आफु गरी ३ जनाको परिवारमा बस्दै आईरहनुभएको छ । पुलको छेऊमै आफु एउटा कठघरा (काठको घर) पसल बनाएर खुद्रा किराना पसलको साथै चटपट्टे व्यवसाय गर्नुहुन्छ । श्रीमान्ले १० कट्ठा जग्गामा खेतीपाती र १ गाई र ५ ओटा खसी बोका पालेका छन । पुल निर्माणको कारणले नै उनको छोरा ४ कि.मी. दुरीमा रहेको दुर्गापुर उच्च मा.वि.मा कक्षा १ मा अध्ययन गर्न सम्भव भएको छ । पुल वनी सकेपछि स्कुल वस घर अगाडि वाटै लिन र पुर्याउन जाँदा निकै सजिलो भएको छ, उनी बताउँछिन ।

खोलाबाढीले सखाप पारेको आफ्नो जग्गा जमीन छाडी बसाइसरी गएका नन्दलाल ढकाल सोही ठाँऊमा पुनः फर्केर बस्न पाउँदा र पुल बनेपछि सबै सुविधा उपभोग गर्न पाउँदा स्वर्ग जस्तो अनुभुती भएको बताउनु हुन्छ । २०२६ साल तिर नन्दलाल ढकाल पहाड वाट बसाई सरेर दहिझोडामा जंगल फडानी गरेर ५ बिघा जतीमा घर जग्गा बनाएर खेतीपाती गर्न थाले । तर बि.स. २०२७ साल तिर खोलो जग्गा भएको ठाँऊवाट बग्न थाल्यो र १.५ बिघा जग्गा छोडेर बाँकी सबै बगाएर लगिदियो । बि.स. २०३६ साल तिर नापी आयो र आफुले भोग चलन गर्दै गरेको जग्गा नापी गराई खेतीपाती गरेर गुजार गर्दै आएकाथिए । बिडम्बना त्यो साल नै वहांको श्रीमती वित्नु भयो । पुनः बि.स. २०४९ सालमा बाढीले बाँकी रहेको १.५



*दहिझोडा पुल, अर्जुनधारा न.पा. वडा नं. ४, झापा*

बिघा जग्गा र घर समेत खोलाले बगाएर लगिदियो । त्यसपछि कुनै उपाय  नलागेपछि विरक्तिएर आफु, छोरा र बुहारी सहित ३ जना नै बसाई सराई गरी काठमाण्डौको ऐलानी जग्गामा टहरो बनाई मजदुरी गरी १८ वर्ष बस्नु भयो । जसोतसो गुजार चलाएर बस्नुभएको थियो । आफु बसाई हिडेको दहिभ्रmोडामा बाटो खोलेको र खोलामा पुल तथा खोला नियत्रण गर्ने कुरा सुन्नमा आएकोले फेरी आफ्नै ठाऊँमा पुनः काठमाण्डौ बाट बसाई सरेर आफु, बुहारी र नातीनी गरी ३ जना आएर र आफ्नो जग्गामा घर बनाएर बस्न थाल्नुभयो । खोला बग्ने बाहेक अन्य ठाँऊमा पुनः खेतीपाती गर्न शुरुभयो । ` । वहांहरु खेतीपाती वाहेक १  गाई र ६ थान बाख्रा पाल्दै आउनुभएको छ । नातिनीले पुल पारी दुर्गापुर वाट १२ कक्षा पास गरीसकिन भने  भने नाती ६ कक्षामा अध्ययनरत छन । नन्दलाल वर्षभरीमा आफ्नो घरपरिवारको खर्च व्यवस्थापन गरेर ५० देखी ६० हजार जति अन्न वाली तथा बाख्रा बेचेर आम्दानी गर्छन ।



*दहिभ्रmोडा पुल बाट क्रस हुँदै गरेको एम्बुलेन्स*

पुल नहुदा त्याँहाका बासिन्दाहरु बजार जान, स्वास्थ्य उपचार को लागी, प्रशासनिक कार्यको लागि, बच्चाहरुलाई स्कुल पढाउन, घाँस दाउरा गर्न, आफ्नो उत्पादन बिक्री गर्न निकै समस्या थियो । कुनै कामको सिलसिलामा पारी गएर फर्किदा बाढी आयो भने पारी तिरै वस्नु पर्दथ्यो । कुनै बिरामी सारो परेको बेलामा जोखिम मोलेर ५, ६ जना मिलेर बोकेर खोला वाटै पारी पुर्याउनु पर्दथ्यो । हाल पूल निर्माण सकेछी कालोपत्रे सडक समेत बनिसकेको ले खोला वारीपारीको जनजीवन सहज भएको छ ।

तयार गर्ने :
श्याम सुन्दर चौधरी
टी.एस.एस.ओ.
पि.आर.बी.एस.यू. / पुर्वाधार विकास कार्यालय, झापा
असोज २०८०